# प्रवासी नेपाली मञ्च
# Overseas Nepali Forum

## विधान – २०२२
## (Constitution – 2022)

पुस्तकको नाम : प्रवासी नेपाली मञ्चको विधान – २०७८
प्रकाशक : प्रवासी नेपाली मञ्च

# विषयसूची

**प्रस्तावना** ९

**अध्याय - एक** १०-१३

**नाम, प्रारम्भ, छाप, प्रतीक चिह्न, गीत, परिभाषा**

**धारा- १** विधानको नाम

**धारा- २** प्रारम्भ

**धारा- ३** मञ्चको नाम

**धारा- ४** मञ्चहरूको नाम

**धारा- ५** मञ्चको छाप, प्रतीक चिह्न र गीत

**धारा- ६** परिभाषा

**अध्याय - दुई** १४-१६

**लक्ष्य, उद्देश्य र कार्यक्रम**

**धारा- ७** लक्ष्य

**धारा- ८** उद्देश्य

**धारा- ९** कार्यक्रम

**अध्याय - तीन** १६-२६

**सदस्यता**

**धारा- १०** सदस्यताको प्रकार

**धारा- ११** सङ्गठित सदस्य बन्ने योग्यता

**धारा- १२** सङ्गठित सदस्यता प्रदान गर्ने कार्यविधि

**धारा- १३** सङ्गठित सदस्यता नवीकरण गर्ने

कार्यविधि
**धारा– १४** सदस्यको अधिकार र कर्तव्य
**धारा– १५** सङ्गठित सदस्यता र सङ्गठित सदस्यता नवीकरणसम्बन्धी उजुरी, छानबिन र पुनरावेदन
**धारा– १६** सदस्यता नरहने
**धारा– १७** सदस्यता पुनः प्राप्ति
**धारा– १८** सदस्यता कायम
**धारा– १९** सदस्यताको अभिलेख
**धारा– २०** सदस्यता-पत्र
**धारा– २१** सदस्यतासम्बन्धी अन्य व्यवस्था
**धारा– २२** सदस्य शुल्क

**अध्याय - चार** २६–३८

**अन्तर्राष्ट्रिय कमिटी र साङ्गठनिक निकाय**
**धारा– २३** तहगत निकाय
**धारा– २४** अन्तर्राष्ट्रिय अधिवेशन
**धारा– २५** अन्तर्राष्ट्रिय कमिटी
**धारा– २६** अन्तर्राष्ट्रिय कमिटीको अधिकार र कर्तव्य
**धारा– २७** अन्तर्राष्ट्रिय सचिवालयको अधिकार र कर्तव्य
**धारा– २८** अन्तर्राष्ट्रिय कमिटीको पदाधिकारी तथा सदस्यका अधिकार र कर्तव्य
**धारा– २९** अन्तर्राष्ट्रिय सल्लाहकार परिषद्
**धारा– ३०** अन्तर्राष्ट्रिय प्रतिनिधि परिषद्

**अध्याय – पाँच** **३९–४४**

**महादेश कमिटीको व्यवस्था**

**धारा– ३१** महादेश कमिटीहरू

**धारा– ३२** महादेश कमिटीको गठन

**धारा– ३३** महादेश कमिटीका अधिकार र कर्तव्य

**धारा– ३४** महादेश कमिटीका पदाधिकारी र सदस्यको अधिकार र कर्तव्य

**अध्याय – छ** **४४–५७**

**राष्ट्रिय कमिटी र स्थानीय कमिटी**

**धारा– ३५** राष्ट्रिय अधिवेशन

**धारा– ३६** राष्ट्रिय अधिवेशनका अधिकार र कर्तव्य

**धारा– ३७** राष्ट्रिय कमिटीको गठन

**धारा– ३८** राष्ट्रिय कमिटीका अधिकार र कर्तव्य

**धारा– ३९** राष्ट्रिय कमिटीका पदाधिकारी र सदस्यहरूको अधिकार र कर्तव्य

**धारा– ४०** स्थानीय कमिटी : क्षेत्रीय/राज्य/नगर/वार्ड कमिटी

**अध्याय – सात** **५७–६५**

**निर्वाचन, मनोनयन, शपथग्रहण, कार्यकाल, पदरिक्तता र पदपूर्ति**

**धारा– ४१** पदाधिकारी तथा सदस्यको योग्यता

**धारा– ४२** अधिवेशन

**धारा– ४३** निर्वाचन विधि

**धारा– ४४** मनोनयन

**धारा– ४५** शपथग्रहण
**धारा– ४६** कार्यकाल
**धारा– ४७** राजीनामा
**धारा– ४८** पद रिक्तता
**धारा– ४९** पदपूर्ति

**अध्याय – आठ** ६६–६७
**कार्यविभाजन, जिम्मेवारी पालना, अनुगमन तथा मूल्याङ्कन**
**धारा– ५०** कार्यविभाजन
**धारा– ५१** अनुगमन तथा मूल्याङ्कन

**अध्याय – नौ** ६७–६९
**विशेष अधिवेशन र बैठक**
**धारा– ५२** विशेष अधिवेशन
**धारा– ५३** बैठक
**धारा– ५४** बहुमतको निर्णय

**अध्याय – दश** ६९–७१
**कोष र सम्पत्तिसम्बन्धी व्यवस्था**
**धारा– ५५** कोष
**धारा– ५६** परोपकार कोष
**धारा– ५७** अचल र जिन्सी सम्पत्ति
**धारा– ५८** लेखा र लेखापरीक्षणf

**अध्याय – एघार** ७१
**विधान संशोधन**
**धारा– ५९** विधान संशोधन

**अध्याय – बाह्र** ७२–७३

**विविध**

**धारा– ६०** कार्यालय सञ्चालन

**धारा– ६१** औपचारिक कार्यक्रम

**धारा– ६२** नियम बनाउने अधिकार

**धारा– ६३** बाधा-अड्काउ फुकाउने

**धारा– ६४** भर्चुअल बैठक

**अनुसूची** १ : छाप ७४

**अनुसूची** २ : प्रतीक चिह्न ७५

**अनुसूची** ३ : गीत ७५

**अनुसूची** ४ : सदस्यता आवेदन फारम ७६

**अनुसूची** ५ : साधारण सदस्यतापत्र, सङ्गठित सदस्यतापत्र ७८

**अनुसूची** ६ : पदबहालीको शपथको व्यहोरा ७९

**अनुसूची** ७ : सङ्गठित सदस्यले लिने शपथग्रहणको व्यहोरा ८०

# प्रस्तावना

नेपालबाट भारतबाहेकका विश्वका मुलुकहरूमा रोजगारी, पेसा, व्यवसाय वा अध्ययन गर्ने सिलसिलामा स्थायी वा अस्थायी रूपले बसोबास गरिरहेका नेपालीहरूबीच आपसी एकता, सद्भाव र मैत्रीपूर्ण सम्बन्धको विकास र विस्तार गर्न तथा नेपाली समुदायको सामूहिक हकहितका लागि एकीकृत रूपमा सङ्गठित भई आवाज बुलन्द गर्न, आफू बसेको राष्ट्रका स्थानीय जनसमुदायसँग सुमधुर र प्रगाढ सम्बन्ध बनाई त्यहाँको सरकार तथा सरोकारवाला निकायहरूसँगको सम्पर्क र सम्बन्धलाई विस्तार गरी नेपाली समुदाय र नेपाल राष्ट्रको हितमा प्रभावकारी ढंगले काम गर्न तथा नेपालीहरूले विदेशमा आर्जन गरेका सीप, ज्ञान, पुँजी, प्रविधि तथा अनुभवहरूलाई नेपालमा भित्र्याई देशभित्रै रोजगारीको अवसर सिर्जना गरी मुलुकको साझा संकल्प 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई सफल र सार्थक बनाउन सहयोग पुऱ्याउने उद्देश्यले प्रवासमा एउटा प्रगतिशील, लोकतान्त्रिक र देशभक्त सामाजिक संस्थाको आवश्यकता भएकोले 'प्रवासी नेपाली मञ्च' गठन गरिएको छ ।

मञ्चका सदस्यहरूले सुसङ्गठित, एकताबद्ध,

अनुशासित, गतिशील र दिगो सङ्गठनको निर्माण गर्दै समाजको सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरण र अग्रगतिका लागि अग्रणी भूमिका निर्वाह गर्नेछन् । मञ्चका सदस्यहरू आफ्नो रोजगारी, पेसा वा व्यवसायलाई समेत व्यवस्थित गर्दै मञ्चको लक्ष्य र उद्देश्यहरू हासिल गर्न सङ्गठित भई सिर्जनात्मक, गतिशील र अनुशासित रूपमा अघि बढ्न दृढ संकल्पित रहनेछन् । मञ्चका सदस्यहरू आपसी एकता, भ्रातृत्व र अग्रगतिका लागि समर्पित रहनेछन् । मञ्चका सदस्यहरूले यस विधानलाई पूर्ण रूपमा परिपालन गर्नेछन् । मञ्चका आदर्श, लक्ष्य, उद्देश्य र कार्यक्रमलाई कार्यान्वयन गर्न तथा मञ्चलाई व्यवस्थित रूपमा सञ्चालन गर्न विधानको आवश्यक भएकोले यो विधान जारी गरिएको छ ।

## अध्याय – एक

## नाम, प्रारम्भ, छाप, प्रतीक चिह्न, गीत, परिभाषा

### धारा– १ विधानको नाम

यस विधानको नाम 'प्रवासी नेपाली मञ्चको विधान - २०२२' भनिनेछ । प्रवासी नेपाली मञ्चको सञ्चालन, विकास र विस्तारको सम्पूर्ण काम कारबाही यसै विधानमा लेखिएअनुसार हुनेछ ।

## धारा– २ प्रारम्भ

यो विधान पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

## धारा– ३ मञ्चको नाम

यस मञ्चको नाम 'प्रवासी नेपाली मञ्च' रहनेछ । संक्षिप्तमा 'प्रनेमञ्च' भनिनेछ । अंग्रेजीमा Overseas Nepali Forum र संक्षिप्तमा ONF भनिनेछ ।

## धारा–४ मञ्चहरूको नाम

सबै तहका मञ्चहरूले धारा (३) बमोजिमको मञ्चको नामको पछाडि आफ्नो तहगत कमिटीको नाम जोडी आफ्नो नामकरण गर्नेछन् ।

## धारा–५ मञ्चको छाप, प्रतीक चिह्न र गीत

मञ्चको छाप, प्रतीक चिह्न र गीत तोकिएबमोजिम हुनेछ ।

## धारा–६ परिभाषा

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

१. 'मञ्च' भन्नाले प्रवासी नेपाली मञ्चलाई बुझाउनेछ ।

२. ‘विधान’ भन्नाले प्रवासी नेपाली मञ्चको विधान २०२२ लाई बुझाउनेछ ।

३. ‘प्रवास’ भन्नाले नेपाल बाहिरलाई बुझाउनेछ ।

४. ‘अन्तर्राष्ट्रिय प्रवास’ भन्नाले भारतबाहेकका ‘प्रवास’लाई बुझाउनेछ ।

५ ‘प्रवासी नेपाली’ भन्नाले नेपालबाहिरका राष्ट्रहरूमा रोजगारी, पेसा, व्यवसाय, अध्ययन तथा तालिम गरी स्थायी वा अस्थायी रूपमा बसोवास गरिरहेका नेपाली नागरिक र नेपालको संविधानले व्यवस्था गरेबमोजिमको गैरआवासीय नेपाली नागरिकलाई बुझाउनेछ ।

६. ‘अन्तर्राष्ट्रिय कमिटी’ भन्नाले भारतबाहेकका अन्तर्राष्ट्रिय तहमा गठित कमिटीलाई बुझाउनेछ।

७. ‘महादेश कमिटी’ भन्नाले महादेश तथा उपमहादेश तहमा गठित समन्वय कमिटीलाई बुझाउनेछ ।

८. ‘राष्ट्रिय कमिटी’ भन्नाले संसारको कुनै एउटा राष्ट्रमा गठन भएको मञ्चको राष्ट्रियस्तरको कमिटीलाई बुझाउनेछ ।

९. ‘स्थानीय कमिटी’ भन्नाले राष्ट्रिय कमिटीअन्तर्गत ‘क्षेत्र/प्रान्त/राज्य/नगर’मा गठन भएका कमिटीलाई बुझाउनेछ ।

११. ‘सदस्य’ भन्नाले मञ्चको सङ्गठित सदस्यलाई

बुझाउनेछ ।

१२. 'नेपाली' भन्नाले नेपालको संविधानले नेपाली नागरिक भनी किटानी गरेका गैरआवासीय नेपाली नगारिकसमेतका नेपाली नागरिकलाई बुझाउनेछ ।

१३. 'कमिटी' भन्नाले मञ्चका सबै तहका कार्यकारी र समन्वय कमिटीलाई बुझाउनेछ ।

१४. 'पदाधिकारी' भन्नाले सबै तहका कमिटीका अध्यक्ष, उपाध्यक्ष, संयोजक, सहसंयोजक, सचिव र उपसचिवलाई बुझाउनेछ । यसले मञ्चका अन्य निकायका प्रमुख, उप-प्रमुख, सचिव र उपसचिवसमेतलाई बुझाउनेछ ।

१५. 'प्रतिनिधि परिषद्' भन्नाले मञ्चको अन्तर्राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्, राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद् र स्थानीय अधिवेशन प्रतिनिधि परिषद्लाई बुझाउनेछ ।

१६. 'सल्लाहकार परिषद्' भन्नाले मञ्चको सबै तहको सल्लाहकार परिषद्लाई बुझाउनेछ ।

१७. 'तह' भन्नाले मञ्चको अन्तर्राष्ट्रिय, महादेश, राष्ट्रिय र स्थानीय तहलाई बुझाउनेछ ।

१८. 'निकाय' भन्नाले मञ्चका सबै तहका कमिटी, सल्लाहकार परिषद्, अधिवेशन, प्रतिनिधि

परिषद्, विभाग, कार्यदललगायत सबै संरचनालाई बुझाउनेछ ।

## अध्याय – दुई

## लक्ष्य, उद्देश्य र कार्यक्रम

**धारा–७ लक्ष्य :**

प्रवासी नेपालीहरूको एकता र प्रगति, अग्रगति, रूपान्तरण र मातृभूमिप्रतिको देशभक्ति मञ्चका लक्ष्यहरू हुन् ।

**धारा–८ उद्देश्य :**

प्रवासी नेपालीहरूलाई सुसङ्गठित गर्ने; उनीहरूको हित र अधिकारको लागि परिचालित रहने; र, उनीहरूले आर्जन गरेको सीप, ज्ञान, पुँजी, प्रविधि र अनुभवलाई नेपालको समृद्धि र विकासमा परिचालन गर्ने यस मञ्चको मूल उद्देश्य रहनेछ ।

**धारा–९ कार्यक्रम :**

उल्लेखित लक्ष्य र उद्देश्यहरू प्राप्तिको लागि मञ्चले

देहायका कार्यक्रमहरू गर्नेछन् ।

१) प्रवासमा मञ्चको काम सञ्चालन गर्ने,

२) प्रवासमा मञ्चको सदस्यता बनाउने, बढाउने र सङ्गठन विस्तार गर्ने,

३) प्रवासमा रहेका नेपालीहरूको हक, हित र अधिकारको पक्षमा काम गर्ने,

४) प्रवासमा रहेका नेपालीहरूबीच आपसी मित्रता र भ्रातृत्वको सम्बन्ध अभिवृद्धिको काम गर्ने,

५) प्रवासमा नेपाली भाषा, भेषभूषा, साहित्य, कला तथा संस्कृतिको प्रचार-प्रसार तथा प्रवर्द्धन गर्ने,

६) प्रवासमा नेपाली उत्पादनहरूको प्रवर्द्धन, उपभोग र बिक्री-वितरण गर्ने,

७) प्रवासमा समस्यामा परेका नेपालीहरूलाई सहयोग गर्न आवश्यक काम गर्ने,

८) प्रवासका अन्य संघ/संस्थासँग समन्वय गरी काम गर्ने,

९) नेपालको आवधिक निर्वाचनमा प्रवासी नेपालीहरूलाई मतदानको व्यवस्था गर्न नेपाल सरकारसँग समन्वय गरी आवश्यक काम गर्ने,

१०) प्रवासबाट नेपाललाई नीतिगत क्षेत्रहरूमा अनुसन्धान र खोजमूलक ज्ञानहरू उपलब्ध गराई आवश्यक सहयोग गर्ने,

११) प्रवासमा आर्जन गरेका सीप, ज्ञान, पुँजी, प्रविधि र अनुभवहरूलाई नेपालमा आदान-प्रदान गर्ने,

१२) नेपालमा आइपर्ने प्राकृतिक प्रकोपजन्य विपत्तिमा सहयोग गर्ने र अन्य परोपकारका कामहरू गर्ने,

१३) अन्य देशका आप्रवासीहरूसँग सुमधुर सम्बन्ध बनाउने,

१४) प्रवासमा नेपाल, नेपाली र प्रवासी नेपालीको प्रतिभा, प्रतिष्ठा र गौरव बढाउन अग्रसर रहने,

१५) नेपालको राष्ट्रिय संकल्प 'समृद्ध नेपाल, सुखी नेपाली' हासिल गर्न एकाकर भई काम गर्ने ।

## अध्याय - तीन

## सदस्यता

मञ्चको आदर्श, लक्ष्य, सिद्धान्त, उद्देश्य, नीति, कार्यक्रम र विधानलाई स्वीकार गरी कार्यान्वयन गर्न तत्पर रहेको र यस विधानबमोजिम योग्यता भएको प्रवासी नेपाली यस मञ्चको सदस्य हुन सक्नेछ ।

### धारा–१० सदस्यताको प्रकार

१. सङ्गठित सदस्य ।

## धारा–११ सङ्गठित सदस्य बन्ने योग्यता

देहायबमोजिमको योग्यता पुगेको मञ्चको साधारण सदस्यले तोकिएबमोजिमको शुल्कसहित आवेदन गरी मञ्चको सङ्गठित सदस्यता प्राप्त गर्नेछ :

१. मञ्चको उद्देश्य, नीति, कार्यक्रमलाई निरन्तर सहयोग पुर्‍याउँदै आएको ।

२. मञ्चको गतिविधिहरूमा सक्रियतापूर्वक संलग्न भई योगदान गरेको ।

३. मञ्चले आयोजना गरेको प्रशिक्षण, गोष्ठी, अन्तर्क्रियालगायत विविध रचनात्मक कार्यक्रमहरूमा सक्रियतापूर्वक सहभागी भएको ।

५. मञ्चको माध्यमबाट सामुदायिक विकास र अन्य सामाजिक कार्यमा सक्रिय रहेको ।

६. आफू प्रतिनिधि भएको अधिवेशन वा उपस्थित हुनुपर्ने बैठक, अधिवेशन वा मञ्चले उपस्थित हुन निर्देशन गरेको स्थान र कार्यक्रममा भाग लिएको ।

७. मञ्चबाट अनुशासन वा आचारसंहिताको उल्लंघनमा कारबाहीमा नपरेको ।

## धारा–१२ सङ्गठित सदस्यता प्रदान गर्ने कार्यविधि

१. मातहत कमिटीबाट नाम प्राप्त भएको एक

महिनाभित्र बैठक बसी सिफारिस भई आएका व्यक्ति विधानबमोजिम सङ्गठित सदस्यता पाउन योग्य भएमा सोहीबमोजिम सङ्गठित सदस्यताको फारम उपलब्ध गराउनेछ ।

२. सम्बन्धित व्यक्तिलाई फारम प्राप्त भएको दुई हप्ताभित्र फारम भर्न लगाई माथिल्लो कमिटीमा सिफारिस पठाउनेछ । सिफारिस प्राप्त भएको एक महिनभित्र कमिटीको बैठक बसी सङ्गठित सदस्यता प्रदान गर्ने निर्णय गर्नेछ । सदस्यताको सम्पूर्ण विवरण राष्ट्रिय कमिटीले राखी महादेश कमिटीसँग समन्वय गरी अन्तर्राष्ट्रिय कमिटीमा पठाउनेछ ।

३. मञ्चको सङ्गठित सदस्यता प्रदान गर्ने निर्णय भएको सदस्यलाई अन्तर्राष्ट्रिय अध्यक्ष र राष्ट्रिय कमिटीको अध्यक्षको हस्ताक्षर भएको तोकिएको ढाँचाको मञ्चको सङ्गठित सदस्यतापत्र प्रदान गरिनेछ ।

## धारा–१३ सङ्गठित सदस्यता नवीकरण गर्ने कार्यविधि :

१. मञ्चको सङ्गठित सदस्यले प्रत्येक वर्ष सङ्गठित सदस्यता नवीकरण गर्नुपर्नेछ। सङ्गठित सदस्यता नवीकरण गर्न राष्ट्रिय कमिटी वा मातहत कमिटीमा आवेदन दिनुपर्नेछ । राष्ट्रिय कमिटी

मातहत कमिटीले विधानअनुसारको योग्यता पुगेको सङ्गठित सदस्यको सदस्यता नवीकरण गर्न फारम प्राप्त भएको एक महिनाभित्र राष्ट्रिय कमिटीमा आवश्यक रायसहित सिफारिस गरी पठाउनेछ ।

२. मातहत कमिटीबाट आवश्यक रायसहित प्राप्त नवीकरणसम्बन्धी आवेदनउपर बढीमा एक महिनाभित्र निर्णय गरी आवेदक र मातहतका सिफारिस गर्ने सबै निकायलाई निर्णयको जानकारी गराउनेछ ।

३. मञ्चको सबै तहले सङ्गठित सदस्यको अद्यावधिक अभिलेख आफूले राखी माथिल्लो कमिटीलाई पठाउनेछ र मातहतका निकायलाई अभिलेख राख्न लगाउनेछ ।

## धारा–१४ सदस्यको अधिकार र कर्तव्य :

### क) सङ्गठित सदस्यको अधिकार र कर्तव्य :

१. मञ्चको तोकिएको निकायमा सङ्गठित भई काम गर्ने,

२. मञ्चको अधिवेशन, बैठकमा चुन्ने, चुनिने र आफ्नो अभिमत जाहेर गर्ने,

३. मञ्चबाट जारी नीति, निर्देशन, निर्णय र

दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको परिपालना तथा कार्यान्वयन गर्ने,

४. मञ्चको सिद्धान्त, नीति र कार्यक्रमको दृढतापूर्वक अनुसरण गर्दै आफ्नो जिम्मेवारी पूरा गर्ने,

५. मञ्चद्वारा आयोजित कार्यक्रम तथा नेपाली समुदायको सरोकारको क्रियाकलापमा सक्रिय रहने,

६. तोकिएका सदस्यता शुल्क तथा सहयोग रकम नियमित रूपमा सम्बन्धित कमिटीमा बुझाउने र सदस्यता नवीकरण गर्ने,

७. रुढीवाद, अन्धविश्वास, सामाजिक विकृति, उत्पीडन र विभेदका विरुद्ध संघर्ष गर्ने,

८. आवश्यकताअनुसार माथिल्लो कमिटीमा सुझाव पठाउने,

९. मञ्चको अनुशासन पालना गर्दै मञ्चको एकता, गोपनीयता, हित र प्रतिष्ठालाई जोगाइराख्न क्रियाशील रहने,

१०. आफूमाथि भएको कुनै पनि कारवाही चित्त नबुझेमा कारणसहित कारबाही गर्ने कमिटीभन्दा माथिल्लो कमिटीमा र अन्तर्राष्ट्रिय कमिटीको कारबाही चित्त नबुझेमा अन्तर्राष्ट्रिय (केन्द्रीय) अनुशासन विभागमा पुनरावेदन गर्न सक्ने ।

## धारा–१५ सङ्गठित सदस्यता र सङ्गठित सदस्यता नवीकरणसम्बन्धी उजुरी, छानबिन र पुनरावेदन

१. **नयाँ सङ्गठित सदस्यसम्बन्धी उजुरी** : नयाँ सङ्गठित सदस्यता आवेदन फारम लिन अस्वीकार गरेको वा सदस्यता नदिने गरी निर्णय गरेको वा तोकिएको अवधिभित्र सदस्यता दिने निर्णय नगरेको वा सङ्गठित सदस्यता पाउनुपर्ने व्यक्तिले नपाएको वा नपाउनुपर्ने व्यक्तिले पाएकोमा चित्त नबुझेमा सम्बन्धित आवेदक वा अन्य कुनै व्यक्ति वा निकायले राष्ट्रिय कमिटीले गठन गरेको छानबिन समितिमा उजुरी दिन सक्नेछ ।

२. **सङ्गठित सदस्यता नवीकरणसम्बन्धी उजुरी** : मञ्चको सङ्गठित सदस्यता नवीकरणका लागि आवेदन फारम लिन अस्वीकार गरेको वा नवीकरण नगर्ने निर्णय गरेको वा तोकिएको अवधिभित्र नवीकरण नगरिदिएको वा नवीकरण हुनुपर्ने व्यक्तिको नवीकरण नगरिदिएको र नवीकरण नहुनुपर्ने व्यक्तिको नवीकरण गरिदिएकोमा चित्त नबुझेमा सम्बन्धित आवेदक वा अन्य कुनै व्यक्ति वा निकायले राष्ट्रिय कमिटीले गठन गरेको छानबिन समितिमा उजुरी दिन सक्नेछ ।

३. **उजुरी हेर्ने व्यवस्था सम्बन्धमा** : प्राप्त उजुरीहरू उपर राष्ट्रिय कमिटीले छानबिन समिति बनाई

आवश्यक निर्णय लिनेछ । निर्णय गरेपछि आफूभन्दा माथिल्लो कमिटीलाई अनुमोदनको लागि पठाउनुपर्नेछ । माथिल्लो कमिटीले प्राप्त सिफारिसको आवश्यक छानबिन गरी अनुमोदन गर्नेछ ।

४. **सदस्यतासम्बन्धी उजुरीको पुनरावेदन** : उजुरीमाथि गरिएको निर्णयमा चित्त नबुझे अन्तर्राष्ट्रिय कमिटीमा पुनरावेदनको लागि निवेदन दिन सक्नेछ । अन्तर्राष्ट्रिय कमिटीले प्राप्त निवेदनको आवश्यक छानबिन गरी अन्तिम निर्णय दिनेछ ।

**धारा–१६ सदस्यता नरहने :**

देहायको अवस्थामा मञ्चको सदस्यता रहने छैन ।

१. मृत्यु भएमा,

२. मञ्च परित्याग गरेमा,

३. मञ्चको अनुशासनको कारबाहीबाट निष्कासित भएमा,

४. तोकिएको समयमा सदस्यता नवीकरण नगरेमा,

५. प्रवासी नेपालीको हैसियत समाप्त भएमा,

६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

७. अनुशासनको कारवाहीको सिलसिलामा निलम्बन

परेको सदस्य निलम्बनको अवधिभरि मञ्चको निर्वाचनमा उम्मेदवार हुन, मतदान गर्न र बैठकमा भाग लिन पाउने छैन ।

## धारा–१७ सदस्यता पुनः प्राप्ति

१. सदस्यता गुमाएको व्यक्ति पुनः सदस्य बन्न चाहेमा नयाँ सदस्यताको आवेदन भर्नु पर्नेछ ।

२. सदस्यता गुमाएको व्यक्तिले सदस्यता पुनः प्राप्त गर्न चाहेमा कम्तीमा ६ महिनासम्म सम्बन्धित कमिटीले तोकेको काम गरेपछि नयाँ सदस्यताको सबै प्रक्रिया पूरा गरी सदस्यता प्राप्त गर्न सक्नेछ ।

३. अनुशासनको कारबाहीमा परी सदस्यताबाट निष्कासित व्यक्तिले गल्ती महसुस गरी कम्तीमा एक वर्ष तोकिएको काम गरेपछि तोकिएको प्रक्रिया पूरा गरी सदस्यता पुनः प्राप्त गर्न सक्नेछ ।

## धारा–१८ सदस्यता कायम

१. प्रवासको कुनै समूहमा सदस्यता कायम रहेको व्यक्तिले प्रमाणसहित मञ्चमा आबद्ध हुन आएमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी निजको सदस्यता कायम गराउन सक्नेछ ।

२. मञ्चबाट विशेष काममा खटाइएको सदस्य कुनै कमिटी वा निकायमा सङ्गठित नरहे पनि निजको सदस्यता कायम रहनेछ ।

३. प्रवासी नेपालीको हैसियत समाप्त भएको ६ महिनाभित्र पुनः प्रवासी नेपालीको हैसियतमा फर्किएको सदस्यको सदस्यता निजको निवेदनबमोजिम सम्बन्धित तहले निर्णय गरी पुरानै सदस्यता कायम गर्न सक्नेछ ।

## धारा–१९ सदस्यताको अभिलेख

१. सदस्यको अभिलेख अन्तर्राष्ट्रिय (केन्द्रीय) सङ्गठन विभागमा रहनेछ ।

२. सदस्यको अभिलेख सदस्यता सिफारिस गर्ने र प्रदान गर्ने कमिटीमा रहनेछ ।

३. प्रत्येक वर्ष सम्बन्धित तहमा तोकिएबमोजिमको प्रक्रिया, शुल्क र लेबी बुझाई सदस्यता नवीकरण गर्नुपर्नेछ ।

४. अभिलेख राख्दा सदस्यको गोपनीयताको अधिकारलाई परिपालन गरिनेछ ।

## धारा–२० सदस्यता–पत्र

(क) मञ्चको सदस्यलाई तोकिएको ढाँचाको सदस्यतापत्र प्रदान गरिनेछ ।

## धारा–२१ सदस्यतासम्बन्धी अन्य व्यवस्था

१. मञ्चका सदस्य अन्य प्रवासी संस्थामा सदस्य भई पुनः मञ्चमा फर्किएर सदस्य बन्न चाहेमा नयाँ सदस्यताको आवेदन भर्नुपर्नेछ ।

२. अन्य संस्था परित्याग गरी मञ्चमा आवद्ध भएका व्यक्ति, जुन तहको पदीय दायित्व र जिम्मेवारीमा रहँदा मञ्चमा आवद्ध गरेको हो, मञ्चको सोही तहको कार्य समितिले निर्णय गरी त्यस्तो व्यक्तिलाई मञ्चको सङ्गठित सदस्यता प्रदान गर्न आफूभन्दा माथिको कमिटीमार्फत राष्ट्रिय कमिटीलाई सिफारिस गर्नेछ । यसरी मञ्चमा आवद्ध भएको व्यक्तिलाई कुनै पनि तहको विशेष पद सिर्जना गरी जिम्मेवारी दिनुपर्ने अवस्था भएमा सम्बन्धित तहको सिफारिसमा राष्ट्रिय कमिटीले आवश्यक निर्णय गरी जिम्मेवारी दिन सक्नेछ ।

३. कुनै सदस्य आफ्नो सदस्यता भएको राष्ट्रबाट अर्को राष्ट्रमा बसाइँसराइ गरेमा सदस्यता स्थानन्तरण गर्न सक्नेछ ।

४. सदस्यता जहिलेसुकै वितरण गरिनेछ । तर अधिवेशन हुने मितिभन्दा तीन महिना पहिले सङ्गठित सदस्यता प्राप्त गरेको वा नवीकरण गरेको सदस्यले मात्र मञ्चको अधिवेशनमा सहभागी हुन र विधानको व्यवस्थाबमोजिम

निर्वाचनमा उम्मेदवार हुन पाउनेछ । स्थानीय अधिवेशनमा साधारण सदस्यले भाग लिन पाउनेछन् तर चुन्न र चुनिनको लागि सङ्गठित सदस्य भएको हुनुपर्नेछ ।

५. राष्ट्रिय कमिटीले सदस्यता वितरण र नवीकरणसम्बन्धी विशेष अभियान सञ्चालन गर्न सक्नेछ ।

**धारा–२२ सदस्य शुल्क :**

मञ्चको सदस्यता शुल्क, सङ्गठित सदस्यता शुल्क र नवीकरण शुल्क तथा शुल्कको बाँडफाँडसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## <u>अध्याय – चार</u>

## अन्तर्राष्ट्रिय कमिटी र साङ्गठनिक निकाय

**धारा–२३ तहगत निकाय**

मञ्चमा देहायका तहगत निकायहरू रहनेछन् :

**(क) अन्तर्राष्ट्रिय तह :**

१. अन्तर्राष्ट्रिय अधिवेशन,

२. अन्तर्राष्ट्रिय कमिटी,

३. अन्तर्राष्ट्रिय सल्लाहकार परिषद्,

४. अन्तर्राष्ट्रिय विभाग/कार्यदल,

५. अन्तर्राष्ट्रिय प्रतिनिधि परिषद् ।

(ख) **महादेश तह :**

१. महादेश कमिटी,

२. महादेश सल्लाहकार परिषद्,

३. महादेश विभाग/कार्यदल ।

(ग) **राष्ट्रिय तह :**

१. राष्ट्रिय अधिवेशन,

२. राष्ट्रिय कमिटी,

३. राष्ट्रिय सल्लाहकार परिषद्,

४. राष्ट्रिय विभाग/कार्यदल,

५. राष्ट्रिय प्रतिनिधि परिषद् ।

(घ) **स्थानीय तह :**

१. स्थानीय अधिवेशन,

२. स्थानीय कमिटी,

३. स्थानीय सल्लाहकार परिषद्,

४. स्थानीय विभाग/कार्यदल,

५. स्थानीय प्रतिनिधि परिषद् ।

## धारा–२४ अन्तर्राष्ट्रिय अधिवेशन

**(क) अन्तर्राष्ट्रिय अधिवेशनको अधिकार र कर्तव्य :**

१. अन्तर्राष्ट्रिय अधिवेशन मञ्चको सर्वोच्च निकाय हुनेछ ।

२. अधिवेशन प्रत्येक चार वर्षमा गरिनेछ । अधिवेशनको मिति, स्थान र प्रतिनिधिको व्यवस्था अन्तर्राष्ट्रिय कमिटीले तोकेबमोजिम हुनेछ ।

३. अधिवेशनले मञ्चको अन्तर्राष्ट्रिय कमिटीको पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ ।

४. अधिवेशनले मञ्चको प्रतिवेदन, विधान, नियमावली, कार्यविधि, आचारसंहिता तथा आवश्यक अन्य दस्तावेजहरू पारित गर्नेछ ।

**(ख) अन्तर्राष्ट्रिय अधिवेशनको गठन :**

१. अन्तर्राष्ट्रिय कमिटीका सबै पदाधिकारी तथा सदस्यहरू,

२. अन्तर्राष्ट्रिय कमिटीका सल्लाहकार परिषद्का सबै पदाधिकारी तथा सदस्यहरू,

३. अन्तर्राष्ट्रिय विभागका सबै पदाधिकारी र व्यवस्था भएबमोजिम चुनिएर आएका सदस्यहरू,
४. महादेश कमिटीहरूबाट व्यवस्था भएबमोजिम चुनिएर आएका प्रतिनिधिहरू,
५. राष्ट्रिय कमिटीहरूबाट व्यवस्था भएबमोजिम चुनिएर आएका प्रतिनिधिहरू,
६. अन्तर्राष्ट्रिय कमिटीले व्यवस्था भएबमोजिम मनोनीत गरेका प्रतिनिधिहरू ।

**धारा–२५ अन्तर्राष्ट्रिय कमिटी :**

१. अन्तर्राष्ट्रिय कमिटी दुई अधिवेशनबीचको अवधिमा मञ्चको सर्वोच्च कार्यकारी निकाय हुनेछ । यो राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।
२. अन्तर्राष्ट्रिय अधिवेशनले अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, उपसचिव २ र सदस्यहरूसहित बढीमा ३१ सदस्यीय अन्तर्राष्ट्रिय कमिटी निर्वाचन गर्नेछ ।
३. अन्तर्राष्ट्रिय कमिटीको निर्वाचनमा महिला तथा विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ ।
४. अन्तर्राष्ट्रिय कमिटीले अन्तर्राष्ट्रिय अधिवेशनले

निर्वाचित गरेको अन्तर्राष्ट्रिय कमिटीको पदाधिकारी र सदस्य संख्याको १० प्रतिशतमा नबढ्ने गरी सदस्यहरू मनोनीत गर्न सक्नेछ ।

५. निर्वाचित अन्तर्राष्ट्रिय कमिटीको कुल सदस्य संख्याको एकतिहाइभन्दा बढी नहुने गरी सचिवालय गठन गर्नेछ ।

६. अन्तर्राष्ट्रिय अधिवेशनबाट नयाँ अन्तर्राष्ट्रिय कमिटी निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो अन्तर्राष्ट्रिय कमिटी स्वतः विघटन हुनेछ ।

## धारा–२६ अन्तर्राष्ट्रिय कमिटीको अधिकार र कर्तव्य

अन्तर्राष्ट्रिय कमिटीको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. मञ्चको नीति तथा निर्णय कार्यान्वयन गर्ने र गराउने,

२. समसामयिक विषयमा मञ्चको दृष्टिकोण र नीति तय गर्ने,

३. मञ्चको प्रशिक्षण सञ्चालन गर्ने,

४. मञ्चको दस्तावेज, मुखपत्र र अन्य सामग्री प्रकाशन गर्ने,

५. मातहत कमिटीलाई लेवी एवं शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवं परिचालन गर्ने,

६. कमिटीका पदाधिकारी र सदस्यहरूको वरीयताक्रम निर्धारण गर्ने र कार्य विभाजन गर्ने,

७. कमिटीका विभागहरू तोक्ने र विभागहरूको प्रमुख, उपप्रमुख, सचिव र सदस्यको नियुक्ति गर्ने,

८. सैद्धान्तिक, कार्यक्रमिक वा नीतिगत विषयमा बहस गर्नुपर्ने भएमा बैठक वा कार्यशाला आयोजना गर्ने,

९. मातहत कमिटी र सदस्यलाई आवश्यक निर्देशन दिने र तिनको कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

१०. मञ्चका सबै निकायहरूलाई नीतिगत नेतृत्व दिने,

११. मातहत कमिटी र सदस्यको अनुशासनको छानबिन र कारबाही गर्नुपरेमा अनुशासन समिति बनाई निर्णय दिने, र तलबाट आएका पुनरावेदनका उजुरीको टुंगो लगाउने,

१२. मञ्चको एकता, हित, सुरक्षा र प्रतिष्ठामा खलल पार्ने मातहतका कुनै पनि कमिटीका निर्णयलाई बदर गर्ने, आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा मञ्चको निर्देशन पालना नगर्ने कमिटीलाई विघटन गर्ने र सदस्यलाई आवश्यक कारबाही गर्ने,

१३. अन्तर्राष्ट्रिय क्षेत्रमा मञ्चको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने,

१४. योग्यता पुगेका व्यक्तिलाई सदस्यता प्रदान गर्न सक्ने,

१५. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

**धारा–२७ अन्तर्राष्ट्रिय सचिवालयको अधिकार र कर्तव्य**

अन्तर्राष्ट्रिय सचिवालयको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. अन्तर्राष्ट्रिय कार्यालय सञ्चालन गर्ने,

२. अन्तर्राष्ट्रिय स्तरका कार्ययोजना वा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

३. अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय परिषद् बैठकका लागि कार्यसूचीसम्बन्धी प्रस्ताव तयार गर्ने,

४. अन्तर्राष्ट्रिय विभाग र मातहत निकायको कमिटीको कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गर्ने, मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र बैठकमा प्रस्तुत गर्ने,

५. अन्तर्राष्ट्रिय कमिटीको बैठकबीचको अवधिमा सङ्गठनात्मक विषयमा निर्णय गर्ने,

६. आफूले गरेका निर्णयहरू अनुमोदनका लागि

अन्तर्राष्ट्रिय कमिटीमा प्रस्तुत गर्ने,

७. समसामयिक विषयमा मञ्चको धारणा सार्वजनिक गर्ने,

८. अन्तर्राष्ट्रिय कमिटी र सचिवालयका निर्णयअनुरूप अन्तरकमिटी निर्देशन जारी गर्ने,

९. अन्तर्राष्ट्रिय कमिटीले तोकेका अन्य कार्यहरू गर्ने,

## धारा–२८ अन्तर्राष्ट्रिय कमिटीको पदाधिकारी तथा सदस्यका अधिकार र कर्तव्य

**१. अध्यक्षका अधिकार र कर्तव्य :**

क. प्रमुख नेता, प्रमुख प्रवक्ता, तथा प्रमुख पदाधिकारीको हैसियतमा समग्र मञ्चको नेतृत्व गर्ने, तोकिएका अन्य बैठकहरूमा भाग लिने, वैचारिक तथा समसामयिक विषयमा मञ्चको आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने,

ख. अन्तर्राष्ट्रिय अधिवेशन, अन्तर्राष्ट्रिय प्रतिनिधि परिषद्, अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय सचिवालयका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने,

ग. अन्तर्राष्ट्रिय अधिवेशन, अन्तर्राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्, अन्तर्राष्ट्रिय कमिटी, अन्तर

र्राष्ट्रिय सचिवालयको बैठकको अध्यक्षता गर्ने,

घ. अन्तर्राष्ट्रिय कमिटी, अन्तर्राष्ट्रिय सचिवालयको बैठक बोलाउन सचिवलाई निर्देशन दिने, आवश्यकताअनुसार अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय सचिवालय बैठकमा प्रतिवेदन प्रस्तुत गर्ने,

ङ. अन्तर्राष्ट्रिय कमिटीको तर्फबाट अन्तर्राष्ट्रिय अधिवेशन र अन्तर्राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्मा प्रतिवेदन प्रस्तुत गर्ने,

च. अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

२. **उपाध्यक्षका अधिकार र कर्तव्य :**

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

ख. अध्यक्षले प्रत्यायोजित गरेका कामहरू गर्ने,

ग. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

घ. अन्तर्राष्ट्रिय कमिटीका सदस्यहरूसँग सम्पर्क एवं समन्वय गरी नेतृत्व प्रदान गर्ने,

ङ. अन्तर्राष्ट्रिय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

३. **सचिवका अधिकार र कर्तव्य :**

क. अन्तर्राष्ट्रिय अधिवेशन र अन्तर्राष्ट्रिय प्रतिनिधि

परिषद्बाट पारित नीति-निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय सचिवालयसमक्ष प्रस्तुत गर्ने,

ख. अध्यक्षको परामर्शमा अन्तर्राष्ट्रिय कमिटी, अन्तर ाष्ट्रिय सचिवालय र अन्तर्राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्को बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने,

ग. आवश्यकताअनुसार अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय सचिवालय बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने, अन्तर्राष्ट्रिय कमिटीको तर्फबाट अन्तर्राष्ट्रिय अधिवेशन र अन्तर ाष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद् बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

घ. अन्तर्राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्, अन्तर ाष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय सचिवालयको बैठक सञ्चालन गर्ने र तिनका निर्णय कार्यान्वयन गर्ने/गराउने,

ङ. अन्तर्राष्ट्रिय कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने,

च. अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय सचिवालयले तोकेको अन्य कार्य गर्ने ।

**४. उपसचिवका अधिकार र कर्तव्य :**

क. सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण

कार्यहरू गर्ने,

ख. सचिवले प्रत्यायोजित गरेका कामहरू गर्ने,

ग. सचिवको काममा आवश्यक सहयोग गर्ने,

घ. अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

**५. सदस्यका अधिकार र कर्तव्य** :

क. अन्तर्राष्ट्रिय कमिटीको बैठकमा नियमित रूपमा उपस्थित हुने,

ख. अन्तर्राष्ट्रिय कमिटीको बैठकका निर्णयहरूलाई कार्यान्वयन गर्ने,

ग. मञ्चको कामलाई गतिशील बनाउन क्रियाशील रहने,

घ. अन्तर्राष्ट्रिय कमिटी तथा अन्तर्राष्ट्रिय सचिवालयद्वारा तोकेका अन्य कामहरू गर्ने ।

## धारा–२९ अन्तर्राष्ट्रिय सल्लाहकार परिषद्

### १. अन्तर्राष्ट्रिय सल्लाहकार परिषद्को गठन

क. अन्तर्राष्ट्रिय कमिटीले आवश्यकतानुसार सल्लाह-सुझाव लिन कमिटीको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी अन्तर्राष्ट्रिय सल्लाहकार परिषद् गठन गर्नेछ । अन्तर्राष्ट्रिय

सल्लाहकार परिषद् अन्तर्राष्ट्रिय कमिटीप्रति उत्तरदायी रहनेछ ।

ख. सल्लाहकार परिषद्का अध्यक्ष १, उपाध्यक्ष १, सचिव १ र सदस्यहरूको मनोनयन अन्तर्राष्ट्रिय कमिटीले गर्नेछ । अध्यक्षले अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय सचिवालय बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुने छैन ।

२. **अन्तर्राष्ट्रिय सल्लाहकार परिषद्को अधिकार र कर्तव्य**

क. अध्यक्षले अन्तर्राष्ट्रिय कमिटीका अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने,

ख. सचिवले बैठक सञ्चालन गर्ने,

ग. आवश्यकताअनुसार अन्तर्राष्ट्रिय कमिटीलाई विभिन्न विषयमा सल्लाह र सुझाव दिने,

घ. अन्तर्राष्ट्रिय कमिटीले तोकेका अन्य कार्य गर्ने ।

## धारा–३० अन्तर्राष्ट्रिय प्रतिनिधि परिषद्

### १. अन्तर्राष्ट्रिय प्रतिनिधि परिषद्को गठन

क. अन्तर्राष्ट्रिय अधिवेशनका प्रतिनिधिहरू अर्को अन्तर्राष्ट्रिय अधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म अन्तर्राष्ट्रिय अधिवेशन

प्रतिनिधि परिषद् सदस्य हुनेछन् ।

ख. अन्तर्राष्ट्रिय अधिवेशन प्रतिनिधिहरूको कुल संख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी अन्तर्राष्ट्रिय कमिटीले मनोनीत गरेका सदस्यहरू अन्तर्राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन् ।

२. **अन्तर्राष्ट्रिय प्रतिनिधि परिषद्को अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :**

क. अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

ख. अन्तर्राष्ट्रिय कमिटी र अन्तर्राष्ट्रिय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने ।

ग. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका विषयहरूमा प्रस्तावहरू पारित गर्ने ।

घ. दुई अन्तर्राष्ट्रिय अधिवेशनको बीचमा आवश्यकताअनुसार बैठक आयोजना गर्ने ।

# अध्याय - पाँच

## महादेश कमिटीको व्यवस्था

### धारा-३१ महादेश कमिटीहरू

महादेश कमिटी देहायबमोजिम हुनेछन् :

१. ओसिनिया महादेश कमिटी,

२. पूर्वी एसिया महादेश कमिटी,

३. मध्यपूर्व महादेश कमिटी,

४. युरोप महादेश कमिटी,

५. अमेरिका महादेश कमिटी,

६. अफ्रिका महादेश कमिटी ।

### धारा-३२ महादेश कमिटीको गठन

महादेश कमिटी देहायबमोजिम गठन हुनेछ :

१. अन्तर्राष्ट्रिय कमिटीको निर्णयबमोजिम नियुक्त गरिएको संयोजक - १,

२. अन्तर्राष्ट्रिय कमिटीको निर्णयबमोजिम नियुक्त गरिएको सहसंयोजक - १,

३. अन्तर्राष्ट्रिय कमिटीको निर्णयबमोजिम नियुक्त गरिएको सचिव - १,

४. महादेश कमिटीको सिफारिसमा अन्तर्राष्ट्रिय कमिटीले अनुमोदन गरी थप गरेका बढीमा ७ सदस्यहरू,

५. महादेशअन्तर्गतको राष्ट्रिय कमिटीका अध्यक्षहरू महादेश कमिटीको पदेन सदस्य हुनेछन् ।

## धारा–३३ महादेश कमिटीका अधिकार र कर्तव्य

महादेश कमिटीका अधिकार र कर्तव्यहरू देहायबमोजिम हुनेछन् :

१. महादेशभित्र मञ्चको कामको नेतृत्व : महादेशभित्र मञ्चको कामको नेतृत्व गर्ने । अन्तर्राष्ट्रिय कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गतका सामाजिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने । आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

२. आन्तरिक निर्वाचन र मनोनयन : तोकिएबमोजिम विभाग/कार्यदल गठन गर्ने, तिनको अधिकार र कर्तव्य तोक्ने ।

३. सल्लाहकार परिषद्को गठन : आफ्नो कमिटीको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी

नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने ।

४. सङ्गठन निर्माण अनुगमन र निर्देशन : आफ्नो कार्यक्षेत्रभित्रका नेपालीलाई मञ्चमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, सङ्गठित गर्ने । मञ्चका मातहत कमिटीमा रहेका सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने । विधानबमोजिम मातहत कमिटीको निर्णय अनुमोदन गर्ने ।

५. बैठक/भेलाको आयोजना : बैठक आयोजना गर्ने तिनका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरूप नियमित बैठकको आयोजना गर्ने र मातहत कमिटीको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

६. कार्य विभाजन र निर्णयको जानकारी : कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन, वरीयता निर्धारण र आवश्यकताअनुसार स्थानान्तरण गर्ने । आफ्नो कमिटीका आवश्यक निर्णयको जानकारी एवं कार्यान्वयनका लागि मातहतका कमिटी एवं सदस्यहरूलाई अन्तरकमिटी निर्देशन जारी गर्ने । आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने । आवश्यकताअनुसार

प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

७. स्रोत व्यवस्थापन : माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने । आवश्यकताअनुसार प्रकाशन गर्ने र बिक्री-वितरण गर्ने । विधान, नियमावली तथा विनियममा उल्लेख भएबमोजिम आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने ।

८. अनुशासनको पालना : अनुशासन पालना नगर्ने मातहतको कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय महादेश कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन गर्ने । आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने ।

९. प्रकाशन र प्रचार-प्रसार : मञ्चको दस्तावेज तथा अन्य प्रचार सामग्रीहरू सम्पादन, प्रकाशन र बिक्री-वितरण गर्ने ।

१०. विधानमा उल्लेखित अन्य कार्य : यस विधान, नियमावली, विनियम तथा निर्देशिकामा महादेश कमिटीले गर्ने भनिएको कार्य गर्ने ।

**धारा–३४ महादेश कमिटीका पदाधिकारी र सदस्यको अधिकार र कर्तव्य :**

१. **महादेश कमिटी संयोजकको अधिकार र कर्तव्य :**

क. कमिटीको बैठकको अध्यक्षता गर्ने,

ख. कमिटीलाई समग्र काममा नेतृत्व गर्ने,

ग. कमिटीको तर्फबाट बैठकमा प्रतिवेदन प्रस्तुत गर्ने,

घ. कमिटीको निर्णय लागू गर्ने/गराउने,

ङ. कमिटीको समग्र कामको अनुगमन गर्ने,

च. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

२. **महादेश कमिटी सहसंयोजकको अधिकार र कर्तव्य** :

क. संयोजकको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कामहरू गर्ने,

ख. संयोजकले प्रत्यायोजित गरेका कामहरू गर्ने,

ग. संयोजकको काममा आवश्यक सहयोग गर्ने,

घ. कमिटीका सदस्यहरूसँग सम्पर्क एवं समन्वय गरी नेतृत्व प्रदान गर्ने,

ङ. कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

३. **महादेश कमिटी सचिवको अधिकार र कर्तव्य** :

क. संयोजकको सल्लाहबमोजिम कमिटीको बैठक बोलाउने,

ख. बैठकमा छलफल गर्नुपर्ने विषयहरू इन्चार्ज र संयोजकसँग सल्लाह र परामर्श गरी बैठकमा

पेस गर्ने,

ग. कमिटीले तोकेको अन्य काम गर्ने ।

**४. महादेश कमिटी सदस्यहरूको अधिकार र कर्तव्य :**

क. कमिटीको बैठकमा नियमित रूपमा उपस्थित हुने,

ख. कमिटीको बैठकका निर्णयहरूलाई कार्यान्वयन गर्ने,

ग. मञ्चको कामलाई गतिशील बनाउन क्रियाशील रहने,

घ. कमिटी र सचिवालयद्वारा तोकेका अन्य कामहरू गर्ने ।

## अध्याय – छ

## राष्ट्रिय कमिटी र स्थानीय कमिटी

### धारा–३५ राष्ट्रिय अधिवेशन

१. राष्ट्रिय कमिटीले हरेक दुई वर्षमा राष्ट्रिय अधिवेशनको आयोजना गर्नेछ ।

२. राष्ट्रिय अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

क. राष्ट्रिय कमिटीका सबै पदाधिकारी र

सदस्यहरू,

ख. राष्ट्रिय सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू,

ग. राष्ट्रिय कमिटीका प्रत्येक विभागका पदाधिकारीहरू र व्यवस्था भएबमोजिम चुनेर पठाएका सदस्यहरू,

घ. राष्ट्रिय कमिटीले तोकेबमोजिम सङ्गठित सदस्यबाट चुनिएका प्रतिनिधिहरू, जसमा महिला र विविधतालाई प्रतिविम्बित हुने गरी प्रतिनिधिको व्यवस्था गर्ने,

ङ. कुल प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय कमिटीबाट मनोनीत प्रतिनिधिहरू ।

## धारा–३६ राष्ट्रिय अधिवेशनका अधिकार र कर्तव्य

राष्ट्रिय अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम् हुनेछन् :

१. अधिवेशन सञ्चालन गर्न अध्यक्षमण्डल र आवश्यक संरचना गठन गर्ने,

२. राष्ट्रिय कमिटी र राष्ट्रिय निकायहरूको तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

३. राष्ट्रिय कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि

छलफल गरी पारित गर्ने,

४. राष्ट्रिय कमिटीका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने ।

## धारा–३७ राष्ट्रिय कमिटीको गठन

१. प्रवासी नेपालीहरू रहेको राष्ट्रमा विधानबमोजिम मञ्चको राष्ट्रिय कमिटी गठन गर्न सक्नेछन् ।

२. राष्ट्रमा राष्ट्रिय अधिवेशनबाट निर्वाचित राष्ट्रिय कमिटी रहनेछ । राष्ट्रिय कमिटी दुई अधिवेशनबीचको अवधिमा आफ्नो राष्ट्रको मञ्चको मुख्य कार्यकारी निकाय हुनेछ। राष्ट्रिय कमिटी राष्ट्रिय अधिवेशन, राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्, महादेश कमिटी र अन्तर्राष्ट्रिय कमिटीप्रति उत्तरदायी हुनेछ ।

३. राष्ट्रिय कमिटीमा अध्यक्ष १, उपाध्यक्ष ४ जनासम्म, सचिव १, उपसचिव ४ जनासम्म र बढीमा ३५ जना सदस्यहरू रहनेछन् । पहिलो थप उपाध्यक्ष र उपसचिवमा महिला र दोस्रो थप उपाध्यक्ष र उपसचिवमा विविधता प्रतिविम्बित हुने समावेशीकरणअनुसार उपाध्यक्ष र उपसचिवको पद निर्धारण गरिनुपर्दछ। राष्ट्रिय कमिटीले महिलासहित विविधता प्रतिविम्बित हुने गरी १० प्रतिशत सदस्य मनोनीत गर्नेछन् ।

राष्ट्रिय कमिटीमा मञ्चको कुल सङ्गठित सदस्य संख्याको आधारमा देहायबमोजिम उपाध्यक्ष र उपसचिवको संख्या निर्धारण हुनेछ :

क. १५० जनासम्म सदस्य रहेको राष्ट्रिय कमिटीमा - उपाध्यक्ष १, उपसचिव २,

ख. २५० जनासम्म सदस्य रहेको राष्ट्रिय कमिटीमा - उपाध्यक्ष २ जनासम्म, उपसचिव २ जनासम्म,

ग. ३५० जनासम्म सदस्य रहेको राष्ट्रिय कमिटीमा - उपाध्यक्ष ३ जनासम्म, उपसचिव ३ जनासम्म,

घ. ५०० भन्दा बढी सदस्य रहेको राष्ट्रिय कमिटीमा - उपाध्यक्ष ४ जनासम्म, उपसचिव ४ जनासम्म,

## धारा–३८ राष्ट्रिय कमिटीका अधिकार र कर्तव्य

राष्ट्रिय कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. राष्ट्रभित्रको मञ्चको कामको नेतृत्व : राष्ट्रभित्रको मञ्चको कामको नेतृत्व गर्ने । अधिवेशन र माथिल्लो कमिटीको निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गत कामको योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने । माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

२. आन्तरिक निर्वाचन र मनोनयन : राष्ट्रिय कमिटीको कूल सदस्य संख्याको २५ प्रतिशतभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने । तोकिएबमोजिमका विभाग र कार्यदल गठन गर्ने, तिनको अधिकार र कर्तव्य तोक्ने ।

३. सल्लाहकार परिषद्को गठन : आफ्नो कमिटीको कूल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने ।

४. सङ्गठन निर्माण, अनुगमन र निर्देशन : आफ्नो कार्यक्षेत्रभित्रका नेपालीलाई मञ्चमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, सङ्गठित गर्ने । मञ्चका मातहत कमिटीको अनुगमन गर्ने र आवश्यक निर्देशन दिने ।

५. अधिवेशन र बैठकको आयोजना : आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरूप नियमित बैठकको आयोजना गर्ने र मातहत कमिटीको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

६. कार्य विभाजन र निर्णयको जानकारी : कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन, वरीयता निर्धारण र आवश्यकताअनुसार

स्थानान्तरण गर्ने । आफ्नो कमिटीका आवश्यक निर्णयको जानकारी एवं कार्यान्वयनको लागि मातहत कमिटी एवं सदस्यहरूलाई अन्तरकमिटी निर्देशन जारी गर्ने । आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने । आवश्यकताअनुसार प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

७. स्रोत व्यवस्थापन : एक तह मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने, माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने । आवश्यकताअनुसार प्रकाशन गर्ने र बिक्री-वितरण गर्ने । विधान, नियमावली तथा विनियममा उल्लेख भएबमोजिम आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने । सचिवालयको तर्फबाट अध्यक्षको प्रस्तावमा आर्थिक विभाग प्रमुख तोक्ने ।

८. अनुशासनको पालना : अनुशासन पालना नगर्ने मातहतको कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय प्रदेश कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन गर्ने । आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने ।

९. विधानमा उल्लेखित अन्य कार्य : यस विधान, नियमावली, विनियम तथा निर्देशिकामा जिल्ला कमिटीले गर्ने भनिएको कार्य गर्ने ।

१०. मञ्च दर्ता : मञ्चलाई आफ्नो राष्ट्रमा आवश्यकताअनुसार स्थानीय कानुनबमोजिम दर्ता गर्ने ।

## धारा–३९ राष्ट्रिय कमिटीका पदाधिकारी र सदस्यहरूका अधिकार र कर्तव्य

१. **राष्ट्रिय कमिटीका अध्यक्षका अधिकार र कर्तव्य :**

क. आफ्नो राष्ट्रको मञ्चको प्रमुख नेता, प्रमुख प्रवक्ता, प्रमुख पदाधिकारीको हैसियतमा समग्र मञ्चको नेतृत्व गर्ने,

ख. राष्ट्रिय अधिवेशन, राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्, राष्ट्रिय कमिटी, राष्ट्रिय सचिवालयका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने,

ग. राष्ट्रिय अधिवेशन, राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्, राष्ट्रिय कमिटी र राष्ट्रिय सचिवालय बैठकको अध्यक्षता गर्ने,

घ. राष्ट्रिय कमिटी, तथा राष्ट्रिय सचिवालयको बैठक बोलाउन निर्देशन दिने, आवश्यकताअनुसार राष्ट्रिय कमिटी र राष्ट्रिय सचिवालयको बैठकमा प्रतिवेदन प्रस्तुत गर्ने,

ङ. राष्ट्रिय कमिटीको तर्फबाट राष्ट्रिय अधिवेशन, राष्ट्रिय अधिवेशन प्रतिनिधि परिषद्‌मा प्रतिवेदन प्रस्तुत गर्ने,

च. राष्ट्रिय कमिटी र राष्ट्रिय सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

२. **राष्ट्रिय कमिटी उपाध्यक्षका अधिकार र कर्तव्य :**

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कामहरू गर्ने,

ख. अध्यक्षले प्रत्यायोजित गरेका कामहरू गर्ने,

ग. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

घ. कमिटीका सदस्यहरूसँग सम्पर्क एवं समन्वय गरी नेतृत्व प्रदान गर्ने,

ङ. कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

३. **राष्ट्रिय कमिटी सचिवका अधिकार र कर्तव्य :**

क. अध्यक्षको परामर्शमा राष्ट्रिय कमिटीको बैठक बोलाउने,

ख. बैठकमा छलफल गर्नुपर्ने विषयहरू अध्यक्षसँग सल्लाह र परामर्श गरी बैठकमा पेस गर्ने,

ग. सम्बन्धित कमिटी तथा सचिवालयले तोकेको अन्य काम गर्ने ।

**४. राष्ट्रिय कमिटी उपसचिवका अधिकार र कर्तव्य :**

क. सचिवको अनुपस्थितिमा बैठक सञ्चालन गर्ने,

ख. सचिवको काममा आवश्यक सहयोग गर्ने,

ग. सचिवको अनुपस्थितिमा सचिवले गर्नुपर्ने सबै काम गर्ने,

घ. सम्बन्धित कमिटीद्वारा तोकिएको अन्य कामहरू गर्ने ।

**५. राष्ट्रिय कमिटी सदस्यहरूका अधिकार र कर्तव्य :**

क. सम्बन्धित कमिटीको बैठकमा नियमित रूपमा उपस्थित हुने,

ख. सम्बन्धित कमिटीका बैठकका निर्णयहरूलाई कार्यान्वयन गर्ने,

ग. संस्थाको कामलाई गतिशील बनाउन क्रियाशील रहने,

घ. सम्बन्धित कमिटी तथा सचिवालयद्वारा तोकिएका अन्य कामहरू गर्ने ।

## धारा–४० स्थानीय कमिटी : क्षेत्रीय/राज्य/नगर/वडा कमिटी

सम्बन्धित राष्ट्रको राष्ट्रिय कमिटीको आवश्यकताअनुसार राष्ट्रिय कमिटीको मातहतमा क्षेत्रीय/राज्य/नगर/वडामा

स्थानीय कमिटीहरू गठन गर्न सकिनेछ ।

क. क्षेत्रीय/राज्य/नगर कमिटीको गठन : राष्ट्रिय कमिटी मातहतमा स्थानीय अधिवेशनको आयोजना गरी क्षेत्रीय/राज्य/नगरहरूमा आवश्यकताअनुसार अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, उपसचिव १ र १० प्रतिशत मनोनीतसहित बढीमा २५ जना रहेको क्षेत्रीय/राज्य/नगर कमिटी गठन गर्न सकिनेछ ।

ख. क्षेत्रीय/राज्य/नगर कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. क्षेत्रीय/राज्य/नगर कमिटी अधिवेशनबाट निर्वाचित कमिटी हुनेछ,

२. कमिटीको कुल सदस्य संख्याको एकतिहाइभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने,

३. नियमित रूपमा बैठक बसी आफ्नो कार्यक्षेत्रको कामको योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने,

४. आफ्नो कमिटीका सदस्यहरूको वरीयताक्रम तोक्ने र कार्यविभाजन गर्ने,

५. आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

६. आफ्नो कमिटीका कुल सदस्य संख्याको ५०

प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद्, विभाग/कार्यदल गठन गर्ने र अधिकार तथा कर्तव्य तोक्ने,

७. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने/गराउने,

८. आफ्ना कामको प्रतिवेदन र आर्थिक प्रतिवेदन नियमित रूपमा माथिल्लो कमिटीमा पठाउने,

९. आवश्यकताअनुसार आफूअन्तर्गत क्षेत्रीय कमिटी र राज्य/नगर कमिटी गठन गर्ने,

१०. आफू रहेको राष्ट्रको कानुनबमोजिम मञ्चलाई सामाजिक संस्थाको रूपमा दर्ता गर्ने,

११. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

(ग) क्षेत्रीय/राज्य/नगर कमिटीका अध्यक्षका अधिकार र कर्तव्य :

१. सम्बन्धित कमिटीको अधिवेशनको, कमिटी र सचिवालयको बैठकको अध्यक्षता गर्ने,

२. सम्बन्धित कमिटीलाई समग्र काममा नेतृत्व गर्ने,

३. सम्बन्धित कमिटीको तर्फबाट स्थानीय

बैठक, परिषद् तथा अधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्ने,

४. सम्बन्धित अधिवेशन, परिषद् र कमिटीका निर्णय कार्यान्वयन गर्ने र गराउने,

५. सम्बन्धित कमिटीका समग्र कामको अनुगमन गर्ने,

६. सम्बन्धित कमिटीको आय-व्ययको लेखा राख्न लगाउने,

७. सम्बन्धित कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(घ) क्षेत्रीय/राज्य/नगर कमिटी उपाध्ययका अधिकार र कर्तव्य :

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

२. अध्यक्षले प्रत्यायोजित गरेका कामहरू गर्ने,

३. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

४. सम्बन्धित कमिटी वा सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(ङ) क्षेत्रीय/राज्य/नगर कमिटी सचिवका अधिकार र कर्तव्य :

१. अध्यक्षको सल्लाह, सुझावबमोजिम राष्ट्रिय कमिटीको बैठक बोलाउने,

२. बैठकमा छलफल गर्नुपर्ने विषयहरू अध्यक्षसँग सल्लाह र परामर्श गरी बैठकमा पेस गर्ने,

३. सम्बन्धित कमिटी तथा सचिवालयले तोकेको अन्य काम गर्ने ।

(च) क्षेत्रीय/राज्य/नगर कमिटी उपसचिवका अधिकार र कर्तव्य :

१. सचिवको अनुपस्थितिमा बैठक सञ्चालन गर्ने,

२. सचिवको काममा आवश्यक सहयोग गर्ने,

३. सचिवको अनुपस्थितिमा सचिवले गर्नुपर्ने सबै काम गर्ने,

४. सम्बन्धित कमिटीद्वारा तोकिएको अन्य कामहरू गर्ने ।

(च) क्षेत्रीय/राज्य/नगर कमिटी सदस्यहरूका अधिकार र कर्तव्य :

१. सम्बन्धित कमिटीको बैठकमा नियमित रूपमा उपस्थित हुने,

२. सम्बन्धित कमिटीका बैठकका निर्णयहरूलाई कार्यान्वयन गर्ने,

३. संस्थाको कामलाई गतिशील बनाउन क्रियाशील रहने,

४. सम्बन्धित कमिटी तथा सचिवालयद्वारा तोकिएका अन्य कामहरू गर्ने ।

## अध्याय – सात

## योग्यता, निर्वाचन, मनोनयन, शपथग्रहण, कार्यकाल, पदरिक्तता र पदपूर्ति

### धारा–४१ पदाधिकारी तथा सदस्यको योग्यता

**क. अन्तर्राष्ट्रिय कमिटीको अधिवेशन प्रतिनिधि, पदाधिकारी र सदस्यको योग्यता :**

१. अन्तर्राष्ट्रिय अधिवेशनको प्रतिनिधि चुनिनका लागि मञ्चको सदस्य भई कम्तीमा ५ वर्ष काम गरेको हुनुपर्नेछ । महिला, दलित, सीमान्तकृत, जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने सदस्यता लिएको ४ वर्ष भएको हुनुपर्दछ ।

२. अन्तर्राष्ट्रिय कमिटीको अध्यक्षमा चुनिनका लागि कम्तीमा अन्तर्राष्ट्रिय कमिटीको सदस्य, महादेश कमिटीको पदाधिकारी वा राष्ट्रिय कमिटीको पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

३. अन्तर्राष्ट्रिय कमिटीको पदाधिकारीमा चुनिनका

लागि कम्तीमा अन्तर्राष्ट्रिय कमिटीको सदस्य वा महादेश कमिटीको पदाधिकारी तथा सदस्य वा राष्ट्रिय कमिटीको पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

४. अन्तर्राष्ट्रिय कमिटीको सदस्य हुनका लागि कम्तीमा अन्तर्राष्ट्रिय कमिटीको सदस्य वा महादेश कमिटीको पदाधिकारी तथा सदस्य वा राष्ट्रिय कमिटीको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

५. राष्ट्रिय कमिटी भएको देशबाट मात्र अन्तर र्‍ाष्ट्रिय कमिटीको अधिवेशनमा तोकिएबमोजिम प्रतिनिधि हुनेछ ।

६. राष्ट्रिय कमिटीमा सङ्गठित सदस्यताको आधारमा अन्तर्राष्ट्रिय अधिवेशनमा पाउने प्रतिनिधि संख्यामा मापदण्ड पुगेको सदस्य संख्या कमी भएमा, त्यो देशले पाउने आवश्यक प्रतिनिधि संख्यामा कमी नहोस् भन्ने उद्देश्यले त्यो देशले पाउने नपुग प्रतिनिधि संख्या राष्ट्रिय कमिटीका सदस्यबाट पूर्ति गर्न सकिनेछ । तर मापदण्डबमोजिम योग्यता पुगेका सङ्गठित सदस्यहरूलाई नै प्राथमिकता दिइनेछ ।

**ख. अन्तर्राष्ट्रिय विभाग प्रमुख, उपप्रमुख, सचिव र सदस्य हुन देहायबमोजिमको योग्यता हुनुपर्नेछ :**

१. अन्तर्राष्ट्रिय विभागको प्रमुख, उपप्रमुख र सचिव हुनको लागि कम्तीमा राष्ट्रिय कमिटीको सदस्य भई एक कार्यकाल काम गरेको वा मञ्चको सदस्य भई ५ वर्ष काम गरेको वा सम्बन्धित विषयको विज्ञ भएको हुनुपर्नेछ ।

२. सदस्य हुन कम्तीमा तल्लो कार्यकारी कमिटीको सदस्य भई ५ वर्ष काम गरेको वा सम्बन्धित विषयको विज्ञ भएको हुनुपर्नेछ ।

३. पुरानो सदस्यता र मञ्चप्रतिको योगदानलाई विशेष प्राथमिकता दिइनेछ ।

**ग. महादेश कमिटीका संयोजक, सहसंयोजक, सचिव र सदस्यको योग्यताः**

१. महादेश कमिटीमा सदस्य भई काम गरेको वा राष्ट्रिय कमिटीको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

२. महिला, दलित, सीमान्तकृत, जनजाति वा अपाङ्गता भएका व्यक्तिको हकमा भने कम्तीमा मञ्चको सदस्य भई दुई वर्ष काम गरेको वा कम्तीमा एक कार्यकाल राष्ट्रिय कमिटीमा रही काम गरेको हुनुपर्नेछ ।

**घ. राष्ट्रिय कमिटीका पदाधिकारी तथा सदस्यको योग्यता :**

१. राष्ट्रिय कमिटीको अध्यक्ष बन्नको लागि कम्तीमा एक कार्यकाल राष्ट्रिय कमिटीको पदाधिकारी भई काम गरेको हुनुपर्नेछ ।

२. राष्ट्रिय कमिटीको उपाध्यक्ष र अन्य पदाधिकारी हुनका लागि कम्तीमा एक कार्यकाल राष्ट्रिय कमिटीमा काम गरेको हुनुपर्नेछ ।

३. नयाँ बन्ने राष्ट्रिय कमिटीको हकमा माथिको १ र २ आकर्षित हुने छैन ।

४. राष्ट्रिय कमिटीका सदस्य बन्नको लागि कम्तीमा मञ्चको सङ्गठित सदस्य भएको हुनुपर्नेछ ।

५. राष्ट्रिय अधिवेशनको प्रतिनिधि हुन मञ्चको सङ्गठित सदस्य भई न्यूनतम १ वर्ष काम गरेको हुनुपर्नेछ । महिला, दलित, सीमान्तकृत, जनजाति वा अपाङ्गता भएका व्यक्तिको हकमा मञ्चको सङ्गठित सदस्य भएको हुनुपर्ने छ ।

**ङ. क्षेत्रीय/राज्य/नगर कमिटीका पदाधिकारी र सदस्य हुन देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ :**

१. क्षेत्रीय/राज्य/नगर कमिटीको पदाधिकारीको लागि मञ्चको सङ्गठित सदस्य भएको हुनुपर्नेछ।

२. क्षेत्रीय/राज्य/नगर कमिटीको सदस्यको लागि

मञ्चको साधारण सदस्यसम्म भएको हुनुपर्नेछ ।

## धारा–४२ अधिवेशन

(क) सबै तहका कमिटीहरूको अधिवेशनका प्रतिनिधिहरू सम्बन्धित आयोजक कमिटी वा कमिटीले सदस्य संख्याको आधारमा तोकेबमोजिम हुनेछ ।

(ख) सबै तहका कमिटीको अधिवेशनहरू सम्बन्धित कमिटीले निर्णय गरेबमोजिम हुनेछ ।

(ग) सबै तहको अधिवेशन सञ्चालन गर्नको लागि सम्बन्धित कमिटीले आवश्यकताअनुसार अध्यक्षमण्डल गठन गर्नेछ ।

(घ) सबै तहको अधिवेशनको लागि सम्बन्धित कमिटीले पाँच प्रतिशतसम्म प्रतिनिधि मनोनयन गर्न सक्नेछ र प्रतिनिधि मनोनयन गर्दा महिला, बुद्धिजीवी, उत्पीडित वर्ग, पिछडिएको वर्ग साथै समावेशिताको आधारमा गर्नुपर्नेछ ।

## धारा–४३ निर्वाचन विधि

(क) सबै तहका कमिटीका पदाधिकारी र सदस्यहरू आफ्नो तहको अधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन् ।

(ख) सबै तहका निर्वाचित कमिटीहरू स्थानीय विशेषताअनुरूप समावेशी चरित्रका हुनेछन् ।

(ग) सबै तहको अधिवेशनको निर्वाचन कार्यविधि अध्यक्षमण्डलले तय गरेबमोजिम हुनेछ ।

## धारा–४४ मनोनयन

क. सबै तहको निर्वाचित कमिटीले आफ्नो कमिटीका निर्वाचित सदस्य संख्याको १० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

## धारा–४५ शपथग्रहण

(क) सबै तहका कमिटी, परिषद्, विभाग र कार्यदलका पदाधिकारी र सदस्यहरूले पदवहाली गर्दा अनुसूची ६ मा व्यवस्था भएबमोजिमको शपथग्रहण गर्नुपर्नेछ :

## धारा–४६ कार्यकाल

१. अन्तर्राष्ट्रिय कमिटीको कार्यकाल बढीमा चार वर्ष, महादेश कमिटीको कार्यकाल तोकिएमोजिम बढीमा ३ वर्ष, राष्ट्रिय कमिटीको कार्यकाल बढीमा ३ वर्ष र क्षेत्रीय/राज्य/नगर कमिटीको कार्यकाल बढीमा २ वर्षको हुनेछ ।

२. विशेष अवस्थामा सबै कमिटीहरूको कार्यकाल आफूभन्दा १ तह माथिल्लो कमिटीको स्वीकृतिमा बढीमा ६ महिनासम्म थप गर्न सकिनेछ ।

**धारा–४७ राजीनामा**

क) सबै तहका कमिटीहरूको अध्यक्षले पदबाट राजीनामा दिन चाहेमा कमिटीको उपाध्यक्षसमक्ष राजीनामा पेस गर्नेछन् ।

ख) कमिटीका अन्य पदाधिकारी तथा सदस्यले कमिटीका अध्यक्षसमक्ष राजीनामा पेस गर्नेछन् ।

(ग) महादेश कमिटीका संयोजक, सहसंयोजक र सचिवले अन्तर्राष्ट्रिय कमिटीसमक्ष राजीनामा पेस गर्नेछन् र सदस्यहरूले संयोजकसमक्ष राजीनामा पेस गर्नेछन् ।

(घ) उपधारा (क), (ख) र (ग) बमोजिम आएको राजीनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय सम्बन्धित कमिटी, परिषद् वा विभागको बैठकले गर्नेछ ।

(ङ) कुनै पनि तहको सल्लाहकार परिषद् र पदाधिकारी वा सदस्यले पदबाट राजीनामा दिन चाहेमा कार्यरत कमिटीको अध्यक्षमार्फत मनोनयन गर्ने कमिटीको अध्यक्षसमक्ष राजीनामा पेस गर्नेछन् । सम्बन्धित कमिटीले राजीनामा स्वीकृत गर्ने वा

नगर्ने निर्णय गर्नेछ ।

(च) विभागका प्रमुख, उपप्रमुख र सदस्यले पदबाट राजीनामा दिन चाहेमा आफूलाई मनोनीत गर्ने कमिटीका अध्यक्षसमक्ष राजीनामा पेस गर्नेछन् र सम्बन्धित कमिटीले राजीनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

## धारा–४८ पद रिक्तता

क) देहायको अवस्थामा मञ्चका कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ :

१. मृत्यु भएमा,

२. पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

३. मञ्च परित्याग गरेमा,

४. अनुशासनात्मक कारबाहीमा परी पदबाट निष्कासित भएमा,

५. माथिल्लो कमिटी वा निकायको पदाधिकारी वा सदस्यता निर्वाचित हुन उम्मेदवार भएमा,

६. परिषद्, विभाग आदिमा रहेका व्यक्तिलाई सम्बन्धित कमिटीले जिम्मेवारीबाट हटाएमा,

७. बिना उचित कारण र बिना सूचना लगातार तीन पटकसम्म कमिटीको बैठकमा अनुपस्थित भएमा,

८. कुनै कमिटीको पदाधिकारी वा सदस्यमा निर्वाचित व्यक्तिको तोकिएको योग्यता नपुगेको प्रमाणित भएमा ।

## धारा–४९ पदपूर्ति

(क) धारा ५४ (क) बमोजिम मञ्चको कुनै पनि कमिटीका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट पारित गरी एक तह माथिल्लो कमिटीको अनुमोदनपछि पूर्ति गर्न सकिनेछ । विभागको पदाधिकारी वा सदस्यको पद रिक्त भएमा नियुक्ति गर्ने कमिटीको बैठकबाट पूर्ति गर्न सकिनेछ ।

(ख) कुनै पनि मनोनीत कमिटी, परिषद् वा विभागका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा मनोनयन गर्ने कमिटीको सामान्य बहुमतले पूर्ति गर्नेछ ।

# अध्याय – आठ

## कार्यविभाजन, जिम्मेवारी पालना, अनुगमन तथा मूल्याङ्कन

### धारा–५० कार्य विभाजन

क. सबै तहका कमिटीले आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यहरूलाई जिम्मेवारी तोक्नेछन् ।

ख. अन्तर्राष्ट्रिय कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्दा विभाग प्रमुख/उपप्रमुख, महादेश, राष्ट्र र कामको कुनै क्षेत्रको इन्चार्जको जिम्मेवारी तोक्न सक्नेछन् ।

ग. सम्बन्धित महादेशअन्तर्गत कार्यक्षेत्र भएका अन्तर्राष्ट्रिय कमिटीको सदस्य महादेश कमिटीमा र सम्बन्धित राष्ट्रअन्तर्गत कार्यक्षेत्र भएका महादेश कमिटीको सदस्य राष्ट्रिय कमिटीमा रहन सक्नेछन् ।

### धारा–५१ अनुगमन तथा मूल्याङ्कन

क. प्रत्येक कमिटीले आफ्नो र मातहत कमिटीका पदाधिकारी एवं सदस्यहरूको कामको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

ख. प्रत्येक कमिटीले आफ्नो कमिटी र मातहतका कमिटीमा भए गरेका समग्र कामको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

## अध्याय – नौ

## विशेष अधिवेशन र बैठक

### धारा–५२ विशेष अधिवेशन

क. स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी ५१ प्रतिशत सङ्गठित सदस्यले लिखित माग गरेको खण्डमा मागपत्र दर्ता गरेको मितिले ६ महिनाभित्र सम्बन्धित कमिटीले विशेष अधिवेशन आयोजना गर्नुपर्नेछ ।

ख. धारा ५८ (क) बमोजिम अधिवेशन आयोजना नगरिएमा अधिवेशनको माग गर्ने सदस्यहरूले अधिवेशन आयोजक कमिटी गठन गरी विशेष अधिवेशन गर्न सक्नेछन् ।

### धारा–५३ बैठक

क. अन्तर्राष्ट्रिय कमिटीको बैठक २ महिनामा एकपटक बस्नेछ ।

ख. सचिवालयका बैठक १ महिनामा एकपटक बस्नेछ ।

ग. महादेश कमिटीका बैठक २ महिनामा एकपटक बस्नेछ ।

घ. राष्ट्रिय र स्थानीय कमिटीका बैठक २ महिनामा एकपटक बस्नेछ ।

ङ. सामान्यतया प्रतिनिधि परिषद्का बैठक वर्षमा एकपटक, सल्लाहकार परिषद् र विभागको बैठक २ महिनामा एकपटक बस्नेछ ।

च. कमिटी, विभाग र परिषद्का बैठक आवश्यकताअनुसार जुनसुकै बेला बस्न सक्नेछन् ।

## धारा-५४ बहुमतको निर्णय

क. अधिवेशन र बैठकहरूमा सबै विषयमाथि छलफल गर्दा स्वतन्त्र प्रक्रिया अपनाइनेछ । निर्णय प्रक्रियामा मत विभाजन भएमा बहुमतको निर्णय मञ्चको निर्णय हुनेछ ।

ख. निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति सम्बन्धित अन्तर्राष्ट्रिय अधिवेशन वा बैठकसमक्ष लिखित रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

ग. फरक मत प्रस्तुत गर्ने सदस्यले आफ्नो मत छलफलमा लैजान माग गरेमा र सम्बन्धित कमिटीले आवश्यक ठानेमा निर्णय कार्यान्वयन गर्ने गरी अन्तर्राष्ट्रिय कमिटीको स्वीकृतिमा

विधि र प्रक्रिया खुलाई छलफलको अनुमति दिन सक्नेछ ।

## अध्याय – दश

## कोष र सम्पत्तिसम्बन्धी व्यवस्था

### धारा–५५ कोष

क. अन्तर्राष्ट्रिय कमिटीले मञ्चको कोषको निर्माण एवं सञ्चालन गर्नेछ । त्यसको स्रोत देहायबमोजिम हुनेछ ।

१. तोकिएको सदस्यता शुल्क तथा लेबी,

२. चन्दा सहयोग,

३. प्रकाशन बिक्री-वितरण,

४. स्रोत वृद्धिका लागि सञ्चालन गरिने विशेष कार्यक्रम वा अभियान ।

ख. मञ्चका अन्तर्राष्ट्रिय, महादेश, राष्ट्रिय र स्थानीय कमिटीले आफ्नो कमिटीका सदस्यहरू तथा मातहतको कमिटीबाट सदस्यता शुल्क एवं लेबी र समर्थक शुभचिन्तकहरूबाट सहयोग संकलन गरी आफ्नो तहको कोष निर्माण एवं सञ्चालन गर्नेछन् ।

ग. मञ्चको कोष तथा सम्पत्तिको व्यवस्थापन र सञ्चालन मञ्चको आर्थिक विनियमअनुसार हुनेछ ।

## धारा–५६ परोपकार कोष

क. मञ्चको एउटा परोपकार कोष हुनेछ ।

ख. यसको सञ्चालन मञ्चको विनियमअनुसार गरिनेछ ।

ग. यसलाई नेपालको कानुनअनुसार दर्ता गरी सञ्चालन गरिनेछ ।

घ. यो कोष अन्तर्राष्ट्रिय कमिटीको अनुमति लिएर राष्ट्रिय कमिटी तहसम्म स्थापना गर्न सकिनेछ ।

## धारा–५७ अचल र जिन्सी सम्पत्ति

क. मञ्चको नाममा भएका अचल र जिन्सीलगायत सम्पूर्ण सम्पत्तिमा अन्तर्राष्ट्रिय कमिटीको पूर्ण स्वामित्व रहनेछ । त्यसको लगत आर्थिक विनियममा तोकिएबमोजिम राख्नुपर्नेछ ।

ख. अन्तर्राष्ट्रिय कमिटीको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति मञ्च जवाफदेही रहने छैन ।

## धारा–५८ लेखा र लेखापरीक्षण

क. मञ्चको सबै तहका निकायहरूले मञ्चको आर्थिक विनियमअनुसार आफ्नो आय-व्ययको लेखा राख्नेछन् । लेखापरीक्षण गराई माथिल्लो

कमिटीमा पेस गर्नुपर्नेछ र आफ्नो निकायको अधिवेशनमा सिङ्गो अवधिको लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

## अध्याय – एघार

## विधान संशोधन

### धारा–५९ विधान संशोधन

क. अन्तर्राष्ट्रिय कमिटीले अन्तर्राष्ट्रिय अधिवेशनसमक्ष संशोधन विधान प्रस्तुत गर्दछ ।

ख. लिखित प्रस्ताव अन्तर्राष्ट्रिय अधिवेशन सुरु हुनुभन्दा १ महिनाअगावै सबै निकाय र तहको कमिटीसमक्ष पुऱ्याइसक्नु पर्नेछ ।

ग. अन्तर्राष्ट्रिय अधिवेशनमा प्रस्तुत गर्ने संशोधन विधानमा आफ्ना सुझावहरू समावेश गर्न चाहने निकाय र कमिटीका सदस्यले आफ्नो लिखित प्रस्ताव अन्तर्राष्ट्रिय कमिटीले तोकेबमोजिम प्रस्तुत गर्नुपर्नेछ । यस्तो प्रस्तावको सम्बन्धमा अन्तर्राष्ट्रिय कमिटीले आवश्यक निर्णय गर्नेछ ।

घ. मञ्चको विधान संशोधन अन्तर्राष्ट्रिय अधिवेशनले निर्णय गरी माथिल्लो कमिटीमा गरेको सिफारिस अनुमोदन भएपछि लागू हुनेछ ।

## अध्याय – बाह्र

## विविध

### धारा–६० कार्यालय सञ्चालन

क. प्रवासी नेपाली मञ्चको अन्तर्राष्ट्रिय कमिटीको कार्यालय नेपालमा वा अन्य तोकिएको स्थानमा स्थापना गर्न सकिनेछ ।

### धारा–६१ औपचारिक कार्यक्रम

१. मञ्चको औपचारिक कार्यक्रममा नेपालको राष्ट्रिय झन्डा प्रयोग गरिनेछ ।

२. नेपालको राष्ट्रिय गीत प्रस्तुत गरिनेछ,

### धारा–६२ नियम बनाउने अधिकार

अन्तर्राष्ट्रिय कमिटीले विधानसँग नबाझिने गरी नियमावली, विनियम, निर्देशिका, कार्यविधि र आचारसंहिता निर्माण गरी लागू गर्न सक्नेछ ।

### धारा–६३ बाधा–अड्काउ फुकाउने

यस विधानको कार्यान्वयनमा कुनै बाधा-अड्चन पर्न

आएमा अन्तर्राष्ट्रिय कमिटीले उक्त बाधा-अड्काउलाई फुकाउनेछ। त्यसको अनुमोदन अन्तर्राष्ट्रिय अधिवेशनबाट गराउनुपर्नेछ ।

**धारा–६४ भर्चुअल बैठक**

इन्टरनेट प्रविधिको माध्यमबाट गरिने भर्चुअल कार्यक्रमलाई पनि औपचारिक कार्यक्रम मानिनेछ । भर्चुअल कार्यक्रमको लागि माथिल्लो तहको कमिटीबाट अनुमति लिनुपर्नेछ ।

●●●

# अनुसूची १ : छाप

Overseas Nepali Forum, International Committee संस्थाको नाम लेखिएको र बीच भागमा संस्थाको चिन्ह अंकित रहेको छाप ।

## अनुसूची २ : प्रतीक चिन्ह

मञ्चको प्रतीक चिन्ह खुला पृष्ठभूमिमा गोलाकारको बीच भागमा सगरमाथा, त्यसको बायाँ चुचुरोमा नेपालको झन्ण्डा, चुचुरोबाट उदाएको सूर्य र सगरमाथाभन्दा तलपट्टि बीच भागमा विश्व मानचित्र रहनेछ। राष्ट्रिय कमिटीहरूको हकमा नेपालको झन्डाको अर्कोपट्टि सम्बन्धित राष्ट्रको झन्डा रहनेछ। गोलाकार किनाराको माथिल्लो आधा भाग नीलो रङ र तल्लो आधा भाग रातो रङको किनाराको दुवै अर्ध भागलाई दुवैतर्फ सूर्यले जोड्नेछ। यो प्रतीक चिन्ह यस विधान जारी भएपछि सबै कमिटीमा लागू हुनेछ।

## अनुसूची–३ : गीत

तोकेबमोजिम हुनेछ।

## अनुसूची–४ : सदस्यता आवेदन फारम

**प्रवासी नेपाली मञ्चको सङ्गठित सदस्यता आवेदनपत्र**

मितिः ............................

आदरणीय अध्यक्षज्यू,

............................................... कमिटी

प्रवासी नेपाली मञ्च,

मैले यस मञ्चको विधानमा उल्लेखित योग्यता र मापदण्ड पूरा गरेकोले मञ्चको सङ्गठित सदस्यता प्रदान गरियोस् भनी आवेदन गर्दछु । मञ्चको साधारण सदस्यतापत्रको प्रमाणित प्रतिलिपि यसैसाथ संलग्न गरेको छु ।

नाम :

आफू बसेको देशको ठेगाना :

सम्पर्क इमेल ठेगाना :

सम्पर्क फोन/मोबाइल नं. :

नेपालको ठेगाना :

हस्ताक्षर :

सिफारिसकर्ता :

म आवेदकलाई राम्ररी चिन्दछु । निजलाई मञ्चको सङ्गठित सदस्यता प्रदान गर्न उपयुक्त ठान्दछु ।

१. नाम :

मञ्चको सदस्यता नं :

हस्ताक्षर :

२. नाम :

मञ्चको सदस्यता नं. :

सम्पर्क फोन/मोबाइल :

हस्ताक्षर :

## अनुसूची–५ : साधारण सदस्यतापत्र, सङ्गठित सदस्यतापत्र

मञ्चको सदस्यतापत्रको नमुना तोकेबमोजिम

## अनुसूची–६ : पदबहालीको शपथग्रहणको व्यहोरा

म ...........................................(आफ्नो नाम भन्ने) प्रवासी नेपाली मञ्चको ................................ .. (आफू सङ्गठित कमिटी/परिषद्/विभाग/कार्यदलको नाम) ......................................... पदको जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा मञ्चको विधानलाई निःसर्त स्वीकार गर्दै, मञ्चको सिद्धान्त, लक्ष्य, उद्देश्य, कार्यक्रम र नीतिलाई दृढताका साथ अनुसरण गर्दै, पदीय हैसियतले कामकाज गर्दा कसैको डर, धाक र करकापमा नपरी कसैप्रति मोह, लालच, इर्श्या र पूर्वाग्रह नलिई, तनमनले इमानदारीसाथ आफ्नो कर्तव्य पालन गर्नेछु ।

अग्रगामी परिवर्तन - जिन्दावाद ।

परिवर्तनकारी सिद्धान्त - जिन्दावाद ।

प्रवासी नेपाली मञ्च - जिन्दावाद ! जिन्दावाद !!

# अनुसूची–७ सङ्गठित सदस्यले लिने शपथग्रहणको व्यहोरा

म ........................................................ . प्रवासी नेपाली मञ्चको सङ्गठित सदस्य भएको यस अवसरमा प्रतिज्ञा गर्दछु कि म प्रवासी नेपाली मञ्चको सिद्धान्त, लक्ष्य, उद्देश्य, कार्यक्रम, नीति र अनुशासनलाई दृढतापूर्वक आत्मसात् गर्दै प्रवासी नेपाली र मातृभूमि नेपालको हितमा निरन्तर क्रियाशील र समर्पित रहेनछु। म मञ्चको विधानलाई इमानदारीताका साथ पालन गर्नेछु । म मञ्चको गोपनीयता तथा एकतालाई जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउनेछु ।

सम्पूर्ण प्रवासी नेपाली - एक हौँ !

प्रवासी नेपालीको एकता - जिन्दावाद !

प्रवासी नेपाली मञ्च - जिन्दावाद ! जिन्दावाद !!

●●●